मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २३५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ असार २८ गते मंगलवार (Tuesday, July 12. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## गाँजासहित चिचिलाबाट २ जना नियन्त्रणमा

**संखुवासभा, असार २७।** संखुवासभाको खाँदवारी नगरपालिका-३ माल्टा खोला छेउबाट नियन्त्रित लागूऔषध गाँजासहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

बिशेष सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट सुमनचौकबाट खटिएको प्रहरी टोलीले चिचिला गाउँपालिका-१का ३० बर्षीय बबी गुरुङ र २९ बर्षीय बिकास गुरुलाई ८ केजी लागूऔषध गाँजासहित पक्राउ गरेको हो। लागूऔषध गाँजासहित पक्राउ परेका उनीहरुको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय संखुवासभाबाट थप अनुसन्धान भइरहेको छ।




## श्रीमती र साथी मिलेर श्रीमानको हत्या

**सोलुखुम्बु, असार २७।** सोलुखुम्बूको सोलूदूधकुण्ड नगरपालिका-५का ५७ बर्षीय सुब्बा कामीको हत्या आरोपमा कामीकै श्रीमती र अर्की एक जना महिलालाई जिल्ला प्रहरी कार्यालय सोलुखुम्बूले पक्राउ गरेको छ।

असार २५ गते राति श्रीमान श्रीमतीसँगै सुतेकोमा २६ गते बिहान श्रीमान मृत अबस्थामा रहेको भन्ने खबर प्राप्त भएसंगै जिल्ला प्रहरी कार्यालय सोलुखुम्बूबाट गएको प्रहरी टोलीले अनुसन्धान शुरु गरेको थियो।

अनुसन्धानको क्रममा कामीलाई निजकै श्रीमती ५५ बर्षीया बुदामाया बिक र स्थानीय ५३ बर्षीया ङिमा तामाङले हत्या गरेको भन्ने खुल्न आएसँगै दुबै जनालाई पक्राउ गरेको हो। हत्याको आरोपमा पक्राउ परेका दुबै जनाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय सोलुखुम्बूले थप अनुसन्धान गरिरहेको छ।

## सवारी ज्यान मुद्दाका फरार पक्राउ

**मोरङ, असार २७।** सवारी ज्यान मुद्दामा पुनराबेदन अदालत बिराटनगरको सजाय निर्धारण फैसला आदेशले कैद तथा जरिवाना फैसला भई फरार रहँदै आएका सुन्दरहरैंचा नगरपालिका-९का ३१ बर्षीय बिनोदकुमार खवासलाई प्रहरीले पक्राउ गरेको छ।



खवासलाई सवारी ज्यान मुद्दामा पुनरावेदन अदालत बिराटनगरको २०७१।१२।११ गतेको फैसला आदेशले २ बर्ष कैद र २ हजार जरिवाना तोकिएको थियो। कैद तथा जरिवाना तोकिए तापनि हालसम्म फरार रहँदै आएका खवासलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरबाट खटिएको प्रहरी टोलीले सोमबार बिहान सुन्दरहरैचा-९ बाट पक्राउ गरेको हो।

पक्राउ परेका खवासलाई जिल्ला अदालत सुनसरीमा उपस्थित गराइएकोमा तोकिएको सजाय भुक्तानको लागि झुम्का कारागार पठाएको छ।

## दमक नगर सभामा भाँडभैलो

**दमक, असार २७।** दमक नगरपालिकाको ११औं नगर सभामा भाँडभैलो भएको छ। सोमबार दिउँसो सौहार्दपूर्ण रुपमा नगरसभा शुरु भएको केहीबेरपछि नै विवाद शुरु भएको हो।

नगर प्रमुख तथा नगरसभा बैठकका सभाध्यक्ष रामकुमार थापाले नगर सभा सदस्यहरुलाई नीति तथा कार्यक्रम र बजेटको बिषयमा ५ मिनेट बोल्न समय दिएका थिए। वडा नं. ६ का वडा सदस्य कमल श्रेष्ठले आफूले लिखित रुपमा ल्याएका सुझाव तथा बिषयहरु राख्न पाउनुपर्ने मागसहित समय नछुट्याउन आग्रह गर्दै आफ्ना माग राख्दै गर्दा ५ मिनेट भएपछि नगर प्रमुख थापाले रोक्न खोजे। श्रेष्ठले आफूले भन्न पाउनुपर्ने भन्दै झण्डै ४ मिनेट त्यही बिषयमा विवाद चल्यो। नगर प्रमुख थापाले थप बोल्न नदिने र श्रेष्ठले बोल्न पाउनुपर्ने भन्दै अड्डी कसेका थिए।

नाम टिपाएकाले बोलिसकेपछि नगर उपप्रमुख रेगिना भट्टराईले नीति तथा कार्यक्रम र बजेट पास गर्न राखेको प्रस्तावमा मत विभाजनको क्रममा फेरि विवाद भएको थियो। पास गर्ने पक्षमा झिनो आवाज आएपछि केही कुरा राख्न भन्दै नेकपा एमालेबाट निर्वाचित नगरसभा सदस्यहरुले हात उठाए पनि नगर प्रमुखले नीति तथा कार्यक्रम र बजेट पास भएको भनेपछि विवाद चर्किएको थियो। मत विभाजन गर्नका लागि नगर सभा सदस्यहरुले माग उठाउँदै नगर प्रमुख थापाको अगाडि आएर प्रदर्शन शुरु गरेपछि नगर प्रमुख र नगरसभा सदस्यहरुबीच दोहोरो भनाभन शुरु भएको थियो।

नगरसभा वैठक सुचारु हुन नसकेपछि स्थगित भएको छ। नगर प्रमुख थापाले असार २९ गतेसम्मका लागि नगर सभाको बैठक स्थगित गरिएको बताएका थिए। नगर प्रमुखले नगरसभा वैठक अघि कार्यापालिका वैठक बोलाएर नीति तथा कार्यक्रममा आएका सुझाव तथा बिषयबस्तुहरुमा छलफल गर्नुपर्नेमा त्यो नगरेको वडा नं. ३ का वडाध्यक्ष नवीन बरालले बताए। नियम संगत जाने बिषयमा हामीहरुलाई कुनै आपत्ति छैन तर विधि र प्रक्रिया त मान्नु पर्छ भन्ने हाम्रो भनाइ हो- उनले भने।

# बर्सेनि २० लाख मजदुर घाइते, २५० जनाको मृत्यु

**झापा, असार २७।** नेपालमा अनौपचारिक क्षेत्रमा कार्यरत मजदुर कति छन् ? दुर्घटनामा परेर घाइते तथा मृत्यु हुने श्रमिकको संख्या कति छ ? कार्यस्थलमा हुने दुर्घटना के-कस्ता र कति हुन्छन् ? घाइते मजदुरको उपचार कसरी हुन्छ ? यस्ता कैयौं प्रश्न छन्, जसका बारेमा सरकारी तथा सरोकारवाला निकायसँग कुनै उत्तर छैन।

सन् २०१८ मा काउन नेपाल, क्यूपेक नेपाल र अखिल नेपाल मजदुर यूनियनले ३० जिल्लामा गरेको अध्ययनबाट नेपालमा करिब २० लाख मजदुर निर्माण क्षेत्रमा कार्यरत रहेको देखिएको थियो।

काउन नेपालका महासचिव आचार्यका अनुसार, सन् २०१९ मा पत्रपत्रिकामा आएका दुर्घटना र मृत्यु सम्बन्धी समाचार साथै निर्माण क्षेत्रमा कार्यरत काउन नेपाल, क्यूपेक नेपाल र नेपाल मजदुर युनियनमा आउने दुर्घटना सम्बन्धी विवरणले हरेक वर्ष १०० जनामा १० जना मजदुर दुर्घटनामा परेर घाइते हुने गरेको देखाएको छ। यो तथ्यांकलाई आधार मान्दा नेपालमा प्रति वर्ष २० हजार मजदुर दुर्घटनामा परेर घाइते हुन्छन्।

'यो गम्भीर घाइतेको संख्या होइन, धेरैजसो सामान्य उपचारपछि निको हुन्छन्'- आचार्य भन्छन्- 'थोरै मात्र गम्भीर घाइते हुन्छन्। हाम्रो अध्ययनले कार्यस्थलमा हुने दुर्घटनाबाट वार्षिक करिब २५० जना मजदुरको मृत्यु भइरहेको देखाउँछ।' दुर्घटनामा परेर अंगभंग भएका मजदुरको तथ्यांक भने निकाल्न नसकिएको उनी बताउँछन्।

क्यूपेक नेपालले राखेको विवरण अनुसार २०६२ देखि २०७२ सम्म १० वर्षको अवधिमा १३८ जना मजदुरको दुर्घटनामा परेर मृत्यु भएको छ भने १० जनामा अंगभंग भएको छ। यीमध्ये ७८ जनाको त २०७० फागुनदेखि २०७२ चैतसम्म करिब एक वर्षको अवधिमा मृत्यु भएको थियो।

क्यूपेकले सम्पर्कमा आएकाको विवरण मात्रै राख्ने हुँदा वास्तविक मृतक र घाइतेको संख्या योभन्दा तेब्बर बढी हुनसक्ने अध्यक्ष नरनाथ लुइँटेल बताउँछन्। उनी भन्छन्- 'हामीले राखेको तथ्यांक पूर्ण छैन, वास्तविक संख्या निकै धेरै हुन्छ।'

त्यसैगरी क्यूपेककै तथ्यांक अनुसार २०७२ देखि ८ असार २०७८सम्म ६ वर्षको अवधिमा ११० जना मजदुरको कार्य क्षेत्रमा दुर्घटनामा परेर मृत्यु भएको छ। क्यूपेक नेपाल नेकपा एमाले निकट मजदुरहरूको संगठन हो भने काउन नेपाली कांग्रेस निकट मजदुरहरूको। अखिल नेपाल मजदुर युनियन माओवादी केन्द्रसँग नजिक छ। आफू निकट



मजदुरहरूको पेशागत हकहितका पक्षमा वकालत गर्ने भनिएका यी संगठनका नेतृत्वलाई आफू राजनीतिमा स्थापित हुन मजदुरलाई भऱ्याङ मात्र बनाएको आरोप लाग्ने गर्छ। यद्यपि, क्यूपेक नेपालका अध्यक्ष लुइँटेल भन्छन्- 'मजदुरले पारिश्रमिक नपाएको, दुर्घटनामा परेर घाइते भएको जस्ता अवस्थामा रोजगारदातासँग समन्वय गरेर उनीहरूलाई आफ्नो हक दिलाउन पहल गर्छौं। श्रमिकलाई ठग्ने प्रवृत्तिबिरुद्ध र अधिकार प्राप्तिको लडाइँमा क्रियाशील छौं।'

**राहत पाउन कठिन**

निर्माण क्षेत्रका मजदुरहरूले कार्यस्थलमा भएको दुर्घटनापछि क्षतिपूर्ति पनि सहज तरिकाले पाउँदैनन्। यसबाट मृतक परिवारलाई जीवन निर्वाहमा र घाइतेलाई उपचारमै समस्या पर्छ।

क्यूपेक नेपालका अध्यक्ष लुइँटेलका अनुसार, निर्माण क्षेत्रमा काम गर्ने मजदुरको दुर्घटना बीमा विरलै हुन्छ। जब मजदुर दुर्घटनामा परेर घाइते हुन्छ वा उसको मृत्यु हुन्छ, रोजगारदाताले उपचार खर्च वा मृतकका परिवारलाई क्षतिपूर्ति दिँदैनन्। 'त्यस्तो अवस्थामा क्षतिपूर्तिका लागि आन्दोलन नै गर्नुपर्छ'- उनी भन्छन्- 'मजदुरको दुर्घटना बीमा हुँदा रोजगारदाता र मजदुर दुवैलाई फाइदा हुन्छ भन्ने कुरा बुझाउन सकिएको छैन।'

असंगठित क्षेत्रमा कार्यरत मजदुरको बीमा नहुने हुँदा दुर्घटनापछि जीवनयापनकै समस्या हुने गरेको छ। लुइँटेल श्रम ऐन-२०७४ कार्यान्वयनमा आएपछि निर्माण क्षेत्रमा काम गर्ने कम्पनीले मजदुरको बीमा गर्न शुरू गरे पनि यो दर अत्यन्तै न्यून भएको बताउँछन्। 'ठूला कम्पनीहरूले बीमा गर्ने कामको सुरुवात त गरेका छन्, तर निकै न्यून संख्यामा'-, उनी भन्छन्।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह निर्माणको कामका लागि बोलपत्र आह्वान गर्दा नै मजदुरको सुरक्षाको विषय अनिवार्य समेटिनुपर्ने बताउँछन्। एशियाली विकास बैंक र विश्व बैंकको सहयोगमा सञ्चालित पूर्वाधार निर्माण आयोजनामा कार्यरत मजदुरको स्वास्थ्य तथा सुरक्षाको विषय ठेक्का सम्झौतामै उल्लेख हुने भए पनि अन्य आयोजनामा मजदुरको सुरक्षाको विषय प्राथमिकतामा परेको देखिँदैन।

'सरकारी ठेक्काहरूमा पनि मजदुरको पेशागत स्वास्थ्य र सुरक्षाको छुट्टै व्यवस्था गरेर कार्यान्वयन हुनुपर्छ भन्ने हाम्रो माग छ'- सिंह भन्छन्- 'केही हदसम्म सुधार भएको छ तर, जुन हिसाबले मापदण्ड बनाइनुपर्थ्यो त्यस्तो हुनसकेको छैन।'

सरकारका तर्फबाट आव्हान गरिने बोलपत्रमा सुरक्षाको मापदण्ड अपनाउनुपर्ने उल्लेख भए पनि कुन कामका लागि कस्तो सुरक्षा अपनाउने भन्ने तोकिएको हुँदैन। सिंहका अनुसार मजदुरको पेशागत स्वास्थ्य सुरक्षामा ध्यान दिँदा निर्माण क्षेत्रको लागत पनि कम हुन्छ। उनी निजी घर तथा आवासीय भवन बनाउने निर्माण कम्पनीहरूमा पनि मजदुरको

*(बाँकी अन्तिम पृष्ठमा)*

## बलात्कार मुद्दामा हदम्याद बढाउने विधेयक पारित

**झापा, असार २७।** प्रतिनिधि सभाबाट बलात्कार मुद्दामा उजुरी दिने समय ( हदम्याद) बढाउने विधेयक सर्वसम्मत रुपमा पारित भएको छ।

सोमबार बैठकले पारित गरेको यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयकले बलात्कार मुद्दामा उजुरी गर्न पाउने प्रचलित प्रावधानमा हेरफेर गरेको छ।

यौनहिंसा र बलात्कारजन्य घटना भएको खण्डमा नाबालिकको हकमा बालिग भएपछि एक वर्षभित्र उजुरी दिनुपर्ने अन्यथा मुद्दा नलाग्ने प्रचलित व्यवस्था छ। यसलाई बदलेर प्रतिनिधि सभाले उजुरी गर्न पाउने समय एक वर्ष थपेको छ। पारित विधेयक अनुसार अब नाबालिकको हकमा यौनहिंसा र बलात्कारजन्य घटना भएको भए पीडित १८ वर्ष पुगेपछिको ३ वर्षभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

यस्तै, बालिगको हकमा हिंसा ( बलात्कार) भएको एक वर्षभित्र उजुरी गरिसक्नुपर्ने पर्ने प्रचलित व्यवस्था छ। यसलाई बदलेर प्रतिनिधिसभाले घटना भएको २ वर्षभित्र उजुरी गरिसक्नुपर्ने व्यवस्था राखेको छ। यस्तै, थुनामा रहेको वा अपहरणमा रहेको अवस्थामा थुनामुक्त भएपछिको तीन महिनामा उजुरी गरिसक्नुपर्ने प्रचलित व्यवस्था छ। यसलाई बदलेर थुनामा रहेको वा अपहरणमा रहेको अवस्थामा थुनामुक्त भएपछि तीन महिना नाघेको दुई वर्षभित्र उजुरी गरिसक्नुपर्ने व्यवस्था राखिएको छ।

अपाङ्गता भएका व्यक्ति, ७० वर्ष पुगेका जेष्ठ नागरिक र सुस्त मनस्थितिको हकमा हिंसामा परेको ३ वर्षभित्र उजुरी गरिसक्नुपर्ने नयाँ प्रावधान पनि विधेयकमा थपिएको छ। बलात्कार मुद्दामा झुटा उजुरी दिनेलाई सजाय नहुने व्यवस्था पारित विधेयकमा छ।

यसअघि विधेयक उपर सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले अपराधको न्याय प्रणालीमा सुधारको जरुरी रहेको भन्दै सरकारले कानून आयोगमार्फत् अध्ययनको काम अघि बढाउनु परेको स्पष्ट पारे। उनले अध्यादेशको प्रतिस्थापन गर्न सो विधेयक सरकारले ल्याएको उल्लेख गर्दै त्यसमा सुधार गरेर जान प्रतिवद्ध रहेको बताए ।

**Immediate Vacancy**

Balmiki Education foundation announces vacancy for the following post.
**Hostel warden - Male : 1 nos.**
**Qualification -** Bachelors degree in any field with Experience.
*Please contact school office with recent pp size photo updated CV and credentials within 10th of shrawan.*

**Balmiki Education Foundation**
Birtamod-1, Jhapa
Phont No. : 023-542820, 9804952506

**कर्मचारी आवश्यकता**

झापाको बिर्तामोडस्थित एक काठ मिलमा कर्मचारी अर्जेन्ट आवश्यक परेकोले तु-सम्पर्क सम्पर्क गर्नुहोला।
नोटः भ्याट सम्बन्धी ज्ञान भएको, काठको अक्सन खुल्दा टेन्डर भर्न जान्ने , काठ चिरान हुँदा हिसाब राख्न जान्ने, सवारी चालक अनुमति पत्र भएको हुनुपर्नेछ।
तलबः आपसी समझदारीमा।
**सम्पर्कः ९८५२६७३९२५, ९८०७९१५०१५**

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**
प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।
बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,
दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।
*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।*

**यौन तथा प्रजनन् रोगका विरामीहरूका लागि खुशीको खबर**

**यही असार २९ गते मंगलवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला।**
**हाम्रा सेवाहरुः** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, महिलाहरुको महिनावारी गडबढी, सेतोपानी बग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार। त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ।

**माता मनकामना आयुर्वेद क्लिनिक**
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

# ‘उद्योग व्यवसाय सञ्चालनमा सरकारसँग ठोस नीति नै छैन’

लक्ष्मी उप्रेती

**मेचीनगर, असार २७।** कृषि, उद्योग, बाणिज्य, सेवा र साझा लगायतका प्रमुख ५ क्षेत्रगत विषयलाई मात्र प्रवर्द्धन गर्न र समृद्ध बनाउने हो भने १ नम्बर प्रदेश आफैं समृद्ध बन्ने विज्ञहरुले बताएका छन् ।

प्रदेश नम्बर १को आर्थिक विकास र लगानी प्रवर्द्धनका लागि विभिन्न पक्षमा अध्ययन गर्ने क्रममा सोमबार झापाको मेचीनगर आइपुगेको विज्ञ टोलीले स्थानीय व्यवसायीहरुसँग छलफलमा गरेको थियो ।

टोलीमा संलग्न नेपाल सरकारका पूर्वसचिव एवम् शहरी विकासविज्ञ किशोर थापाले प्रदेश सरकार लगायत विभिन्न सरोकारवालासँग समूहगत छलफल गरी प्रमुख ५ क्षेत्रगत विषयहरु बारेमा विस्तृत विश्लेषण गरेर यो निष्कर्षमा पुगेको बताए ।

झापाको धुलावारीमा द एशिया फाउण्डेशनको सहयोग, प्रदेश लगानी प्राधिकरण, प्रदेश नम्बर १को समन्वय एवम् विरोक एण्ड कम्पनी, नेपाल नेपाल इन्स्टीच्यूट फर अर्बन एण्ड रिजनल स्टडिज (निअर्स) र कम्युनिटी इन्गेजमेण्ट एण्ड आउटरिज् (सिईओ) ले प्रदेश नम्बर १को आर्थिक विकास र लगानी प्रवर्द्धनका लागि विभिन्न पक्षमा अध्ययन गर्ने क्रममा नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश नम्बर १ सँगको सहकार्य तथा मेची उद्योग बाणिज्य संघको समन्वयमा ‘प्रदेश नम्बर १ लगानी बृद्धिसँग सम्वन्धित समस्या र अवसरहरु बारे नीतिगत परामर्श’ विषयक छलफल गरेको थियो ।

छलफलमा थापाले कृषि, उद्योग, बाणिज्य, सेवा क्षेत्र र अन्य साझा विषयहरुका सवाल तथा नीतिगत सुझाव प्रस्तुत गरेका थिए । कृषि क्षेत्रका सवाल तथा नीतिगत सुझाव प्रस्तुत गर्दै पूर्व सचिव थापाले नीति तथा कानूनी संरचनाका बारेमा आफ्नो प्रस्तुति दिए । कृषि पूर्वाधार तथा औजारको अपर्याप्त सिञ्चाई, प्रशोधन तथा प्याकेजिङ्ग उद्योग, शीतभण्डार, चिस्यान केन्द्र, मल, सामुहिक खेतीको लागि जग्गा व्यवस्थापन, कृषि बजार केन्द्रहरुको स्थापना तथा पहुँच, कृषि प्रविधिको सुधारका सवालहरु रहेको बताए ।

स्थानीय उत्पादनलाई प्राथमिकता, कृषि बजार, भण्डारन तथा प्रशोधन सुविधाको स्थापना, आपूर्ति श्रृंखला र बजार संयोजनको लागि ग्रामीण, शहरी



अन्तरसम्बन्धको विकास, कृषि यान्त्रिकीकरण नवीन प्रविधिको प्रयोग र प्राविधिक सहयोग, आयातित मलमा निर्भरता कम गर्न कुहिने फोहोर व्यवस्थापन, भू-उपयोग कार्यान्वयन र जग्गा विकास, सम्भाव्य स्थानमा सिञ्चाई परियोजना सञ्चालन तथा सिञ्चाई पूर्वाधार सम्पति व्यवस्थापनलाई सुझावका रुपमा प्रस्तुत गरेका थिए ।

प्रक्रियागत विषयमा प्रस्तुतिकरण दिँदै थापाले सरल कृषि तथा वीमा दावी कृषिमा अनुदानको गम्भीर समीक्षा तथा मूल्याङ्कन कृषि क्षेत्रका सवाल भएको र लगानीयोग्य योजनामा कर्जाको लागि सरकार जमानी वस्ने वा जमानत दिने, अनुदान संयन्त्रलाई आवश्यकताको आधारमा पुनरावलोकन र सिफारिसलाई सुझावका रुपमा प्रस्तुत गरेका थिए ।

उद्योगमा अखण्डित विद्युत आपूर्तिको आवश्यकता, सार्वजनिक, निजी, सहकारी साझेदारी कार्यान्वयनको अभाव, औद्योगिक क्षेत्रहरुको अपर्याप्त स्थापना र सञ्चालन, अत्यधिक संस्थापन, सञ्चालन र श्रमिक खर्चलाई पूर्व सचिव थापाले उद्योग क्षेत्रका सवालका रुपमा राखे । थापाले नेपाल विद्युत् प्राधिकरणले उद्योगहरुमा खपत हुन सक्ने विद्युत् अपूर्ति गरेर बचत हुने विद्युतमात्र निर्यात गर्ने नीति लिनुपर्ने, प्रदेश लगानी प्राधिकरणले वैदेशिक लगानी परिचालन कार्यविधि बनाई लागू गर्नुपर्ने, सार्वजनिक, निजी, सहकारी साझेदारीको प्रवर्द्धन रहेको छ ।

त्यस्तै लगानी बोर्ड नेपाल र नेपाल प्राकृतिक तथा वित्तीय स्रोत आयोग जस्ता संस्थाहरुसँग अन्तरसम्बन्ध विस्तार र प्रदेशमा औद्योगिक क्षेत्रहरु स्थापना र सञ्चालन गर्ने गरी प्रदेश लगानी प्राधिकरणसँग सम्वन्धित कानूनहरुको समीक्षा तथा परिमार्जन गरी लागू गर्नुपर्ने, सम्बन्धित कानूनहरुमा सुधार यान्त्रिकीकरण, स्वचालन, सीमापार ढुवानी र भण्डारण क्षमता विकास तथा विस्तार, स्थानीय कच्चा पदार्थलाई प्राथमिता दिई आयात न्यूनीकरण, औद्योगिक पार्क तथा संग्राहलयहरु स्थापना तथा नवीकरणीय ऊर्जालाई प्रश्रय सुझावका रुपमा राखेका थिए ।

आयात न्यूनीकरण र निर्यात प्रवर्द्धन नीति आवश्यक, औद्योगिक करिडोरहरुको विकास, सरलीकृत निकासी प्रक्रिया, अन्तरप्रदेश तथा प्रदेशभित्र आन्तरिक परिवहन सञ्जाल, अपर्याप्त बाणिज्य क्षेत्रका सवाल रहेको र नीतिगत सुझाव भने नीतिगत व्यवधानहरुको पहिचान तथा सम्बोधन, सीमापार एकीकृत जाँच तथा पारवहन, विशेष आर्थिक क्षेत्र तथा सुख्खा बन्दरगाहहरुको स्थापना र सञ्चालन, पर्यटकीय विशेष क्षेत्रहरुको व्यवस्था तथा हवाई तथा रेल लगायत सतह मार्गहरुको सञ्जाल स्थापना र विस्तार गर्ने रहेको थापाको भनाइ थियो । थापाले सेवा क्षेत्र र अन्य साझा विषयहरुका सवाल तथा नीतिगत सुझाव समेत प्रस्तुत गरेका थिए ।

मेची उद्योग बाणिज्य संघका अध्यक्ष ऋषिराज तिम्सिनाको सभापतित्व र नेपाल उद्योग बाणिज्य महासंघ १ नम्बर प्रदेश अध्यक्ष टीकाराज ढकालको प्रमुख आतिथ्यमा भएको छलफलमा नगरका व्यवसायीहरुले सरकारको उद्योग, बाणिज्य, कृषिलगायतका क्षेत्रलाई हेर्ने ठोस नीति नभएका कारण हरेक व्यवसायीहरु पलायन हुने अवस्थामा पुगेको बताएका थिए । हरेक उद्योग व्यवसायहरलाई सरकारले संरक्षण गर्न नसकेको लगायतका थुप्रै समस्या रहेको उनीहरुले औंल्याएका थिए ।

उनीहरुले अहिले खेती रोपाइँ गर्ने बेलामा मल नपाएर किसानहरुले समस्या व्यहोरिरहँदासम्म सरकार मौन बसेको गुनासो गरे । विभिन्न नाममा सुपारी आयात गरेर स्थानीय उत्पादनतर्फ सरकार उदासिन बनेको भन्दै व्यवसायीहरुले सुपारीको आयात तत्काल रोक्न सरकारलाई आग्रह गरेका थिए । मलेशिया र इण्डोनेसियाबाट सुपारी आयात गर्दा किसान दुव्लाउने दलका नेता तथा तिनीहरुका कार्यकर्तामात्र मोटाउने भन्दै सहभागीहरुले आक्रोश पोखे । उसबेला चन्दा चिट्ठाका कारण पलायन भएका उद्योगी व्यवसायीहरु अहिले लोडसेडिङ्गलगायत अन्य कारणले पलायन हुनुपरेको विचार राखेका थिए ।

सरकारी कार्यालयमा हुने ढिलासुस्ती र अनावश्यक आर्थिक भारले धेरै उद्योग बन्द भइसकेको र अब केही दिनमा झापाका ३० प्रतिशत उद्योग बन्द हुने उनीहरुले बताए । सरकार लगानीमैत्री वातावरण बनाउन सक्रिय नरहेको उनीहरुको आरोप थियो । कुन ठाउँमा कस्तो उद्योग सञ्चालन गर्ने अनुसन्धान गरेर औद्योगिक क्षेत्र घोषणा गर्न व्यवसायीहरुले माग समेत गरे । नेपाल कृषि प्रधान मुलुक भए पनि हरेक खाद्य वस्तुमा परनिर्भर हुनुपरेको भन्दै अब आयात कम र निर्यात बढी गर्न सरकारले नीति ल्याउनुपर्ने बताए । वैंकको व्याजदर, स्थिर सरकार तथा अर्थमन्त्रालयका मन्त्रीहरुका कारण पनि व्यवसायीहरु समस्या परेको गुनासो सहभागीहरुले गरेका थिए । व्यवसायी र उद्योगीहरु पलायन भइरहेका वखत लगानीमैत्री वातावरण तयार गर्ने उपाय खोज्नुपर्नेमा सरकार त्यसतर्फ निष्कृय रहेको उनीहरुको आरोप थियो ।

मेची उद्योग बाणिज्य संघका अध्यक्ष तिम्सिना, संस्थापक अध्यक्ष पन्नालाल जैन, भेनियर व्यवसायी दिनेश शाक्य, सुपारी प्रशोधन व्यवसायी अनिल भेटवाल, खेमराज प्रसाई, देवीप्रसाद खतिवडा, निर्मला भण्डारी, छविलाल खतिवडा, गणेश मैनाली, सचिन निरौला, रञ्जना मेचे सन्दीप ओलीलगयातले अहिले राज्यबाट स्थानीय उद्योगी व्यवसायीहरुले भोग्नु परेको पीडा र समस्याका बारेमा विचार राखेका थिए ।

मेची उद्योग बाणिज्य संघका कार्यकारी अधिकृत गोपाल बस्नेतले सञ्चालन गरेको छलफलमा नेपाल इन्स्टीच्यूट फर अर्बन एण्ड रिजनल स्टडिज निअर्सका अध्यक्ष एवम् राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डाक्टर जगदीशचन्द्र पोखरेलले छलफलमा उठेका समस्या सम्बन्धित पक्षसँग पुर्‍याएर समाधान खोज्ने बताए ।

## रोटरी क्लब बिर्तामोडको पद हस्तान्तरण



**झापा, असार २७।** रोटरी क्लब अफ बिर्तामोड र रोट्याक क्वल अफ बिर्तामोडको पद हस्तान्तरण सम्पन्न भएको छ ।

रोटेरियन पास्ट डिस्ट्रिक सन्तोष रिजालको प्रमुख आतिथ्य र सन् २०२२/०२३ का रोटरी क्लब अफ बिर्तामोडका अध्यक्ष ओमकृष्ण बिमलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा २०२१/०२२का अध्यक्ष नवीन गट्टानीले संस्थाले गरेका प्रगतिसहित गतिविधिका बारे अवगत गराएका थिए ।

निकिता गिरीले देशवासी, रोटेरियन तथा प्रकृति, पर्यावरण र जीवको शान्तिको कामना वाचन गराएको कार्यक्रममा मिनप्रकाश मैनालीले धन्यवाद ज्ञापन गरेका थिए ।

कार्यक्रममा रोटरी क्लब अफ बिर्तामोडका अध्यक्ष बिमली र रोट्र्याक क्लवका अध्यक्ष बसन्त ढकाललाई प्रमुख अतिथि रिजाल र प्रभात मास्केले शपथ ग्रहण गराएका थिए ।

डा. सन्ध्या राठी र रोट्याक्ट क्लब अफ बिर्तामोडका सचिव प्रज्ज्वल बिमलीले सञ्चालन गरेको कार्यक्रममा प्रमुख अतिथि रिजाल, राधिका गुरूङ, विवेक श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

## शिक्षकलाई विद्यार्थीले अभिनन्दन गर्ने

**झापा, असार २७।** दुई जना महिला शिक्षक र ९ जना पूर्वशिक्षकलाई पूर्व विद्यार्थी समाजले अभिनन्दन गर्ने भएको छ ।

महेन्द्ररत्न माध्यमिक विद्यालय अनारमनीमा अध्ययन गरेका पूर्वबिद्यार्थी समाजले गुरु पूर्णिमाका दिन आफ्ना गुरुहरुलाई सामुहिक अभिनन्दन गर्ने भएको हो ।

शिक्षाको दीप प्रज्ज्वलित गरी आफू बलेर अरुलाई उज्यालो प्रदान गर्ने विद्यालयका गुरुहरु जन्मदिने आमापछिको दोस्रो ईश्वर सरह भएको भन्दै पूर्व विद्यार्थीहरुले गुरुहरुलाई दक्षिणा स्वरुप भावनात्मक अभिनन्दन गर्न कार्यक्रमको आयोजना गरेको समाजले जनाएको छ ।

समाजका अनुसार पहिलोपटक भएकाले ७० बर्ष वा सोमाथि उमेर भएका ११ जना गुरुहरुलाई अभिनन्दनपत्र, मायाको चिनो, दैनिक जीवनमा प्रयोग हुने बस्तुहरु उपहारमा प्रदान गर्ने कार्यक्रम रहेको छ ।

अभिनन्दन हुन लागेका पूर्व शिक्षकहरुमा ब्रजनन्दन झा, निरा प्रधान, मुकुन्द पौड्याल, रामप्रसाद पौड्ाल, श्रीप्रसाद तिम्सिना, चन्द्रकुमार भट्टराई, विष्णुकुमार भट्टराई, तेजप्रसाद प्रसाई, देवेन्द्र गौतम, लीला निरौला र सुकदेव चौधरी रहेका छन् ।

सोमवार बिहान विद्यालय परिसरमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै पूर्व विद्यार्थी समाजका अध्यक्ष राजकुमार पोखरेलले असार २९ गते बुधबारका दिन भानु जयन्ती, गुरु पूर्णिमा अर्थात व्यास जयन्ती पर्न गएको र सोही दिन पूर्व बिद्यार्थीहरुले आफ्ना गुरुहरुलाई अभिनन्दन गर्न लागेको बताए ।

## झापाका कर्मचारी सङ्गठनहरूले बुझाए ज्ञापन



**झापा, असार २७।** संघीय निजामती सेवा ऐन तत्काल जारी गरी कार्यान्वयनमा ल्याउन कर्मचारी सङ्गठनहरूले माग गरेका छन् ।

नेपाल निजामती कर्मचारी सङ्गठन, नेपाल निजामती कर्मचारी युनियन, राष्ट्रिय कर्मचारी सङ्गठन, एकीकृत सरकारी कर्मचारी सङ्गठन र आधिकारिक ट्रेड युनियनले निजामती सेवा ऐन तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने भन्दै सोमबार जिल्ला प्रशासन कार्यालय झापामार्फत प्रधानमन्त्रीको कार्यालयलाई ज्ञापनपत्र पठाएका छन् ।

निजामती कर्मचारी सङ्गठन झापाका अध्यक्ष केदार पोखरेल, कर्मचारी युनियन झापा अध्यक्ष कवीन्द्रबिक्रम नेम्वाङ, राष्ट्रिय कर्मचारी सङ्गठन झापा अध्यक्ष यदुनन्दन दाहाल, एकीकृत सरकारी कर्मचारी सङ्गठन झापा अध्यक्ष निरज कट्टेल, आधिकारिक ट्रेड युनियन झापा अध्यक्ष लक्ष्मी गुरागाईंसहितका कर्मचारीको टोलीले प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई सो ज्ञापनपत्र बुझाएका हुन् ।

देश संघीय राज्य व्यवस्थामा गएको लामो समय बितिसक्दा पनि संघीय शासन प्रणालीको कार्यान्वयनको लागि संघ, प्रदेश तथा स्थानीय सरकारले कर्मचारी प्रशासन व्यवस्थापन गर्ने छाता कानूनको रुपमा रहेको सेवा ऐन जारी नहुँदा मुलुकको सार्वजनिक प्रशासन अस्थिर र अन्यौलको भूमरीमा परेको ज्ञापन-पत्रमा उल्लेख छ ।

सार्वजनिक सेवा प्रवाहको प्रमुख माध्यमको रुपमा रहेको देशको निजामती सेवालाई व्यवस्थापन गर्ने विषय सरकारको प्राथमिकतामा नपर्नु गम्भीर चिन्ताको विषय हो र यस विषयमा सरोकारवाला निकाय तथा नेपाल सरकारलाई पटक-पटक ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ भएको छैन ।

ऐन नबन्दा सेवा प्रवाहमा पारदर्शी र स्थिरता नआउने भन्दै तत्काल सेवा ऐन जारी गरी चुस्तदुरुस्त, प्रभावकारी, पारदर्शी तरिकाले सेवा प्रवाह गर्न जोडदार माग गर्दछौं- ज्ञापनपत्रमा भनिएको छ ।

आफूले धेरै वर्ष अगाडिबाट सेवा ऐन बनाउन दबाब दिँदै आएको बताउँदै प्रमुख जिल्ला अधिकारी रिजालले भने- आफूले बुझेको ज्ञापन-पत्र यथाशीघ्र प्रधानमन्त्रीको कार्यालयलाई पठाएर सहयोग गर्नेछु ।

**बर्सेनि ...**

स्वास्थ्य सुरक्षाको विषय अनिवार्य हुनुपर्ने बताउँछन् । भवनको नक्सा पासमै मजदुर सुरक्षाको विषय समावेश गर्ने र स्थानीय तहले कडाइका साथ अनुगमन गर्नुपर्ने उनको सुझाव छ ।

उसो त श्रमिक, ठेकेदार, सुपरभाइजरलाई पनि निर्माण क्षेत्रमा कार्यरत रहँदा अपनाउनुपर्ने सुरक्षा मापदण्ड र सुरक्षा सामग्रीको प्रयोगबारे तालिम दिनु जरूरी देखिन्छ ।

दुर्घटनापछि मजदुरले उपचार खर्च प्राप्त गर्न कति गाह्रो हुन्छ भन्ने एउटा उदाहरण हुन्- पुष्कर चौधरी । ८ माघमा पुष्कर दुर्घटनामा परेपछि रोजगारदाता जीवन भट्टराईले उनलाई उपचारका लागि नेपालगञ्ज लगे । नेपालगञ्जमा उपचार सम्भव नभएपछि चौधरीलाई काठमाडौंको वीर अस्पतालसम्म ल्याउन सहयोग गरेका भट्टराई त्यसपछि भने टाढिए ।

निर्माण क्षेत्रमा कार्यरत विभिन्न संघ-संगठनले दबाव दिन थालेपछि मात्र भट्टराईले केही खर्च दिएको पुष्करकी श्रीमती सोनिया बताउँछिन् । क्यूपेकको पहलमा वीर अस्पतालले पुष्करको आईसीयू बेड निःशुल्क उपलब्ध गराएको थियो ।

नेपाल निर्माण तथा श्रमिक संघका केन्द्रीय उपाध्यक्ष लालबहादुर पटेल संघमा आवद्ध मजदुर दुर्घटनामा पर्दा संघले रोजगारदातालाई दबाव दिएर उपचार खर्च लिने गरेको बताउँछन् । ‘हामीले चन्दा उठाएर पनि राहत प्रदान गरेका छौं’- उनी भन्छन् ।

हेटौंडालाई कार्यक्षेत्र बनाएका पटेलको भनाइमा ६ वर्षअघि हेटौंडाको पुष्पलाल पोखरी नजिक भैरव रोडमा अरुण सुमार्गीकहाँ पर्खाल भत्काउने क्रममा एकजना मजदुरको च्यापिएर मृत्यु भयो । मृतकको परिवारलाई क्षतिपूर्ति दिलाउन ठूलै संघर्ष गर्नुपरेको थियो ।

‘दबाव दिएपछि १ लाख ५० हजार क्षतिपूर्ति दिए । ५० हजार बजारमा चन्दा उठाएर मृतकको परिवारलाई दियौं’- उनी भन्छन् । संघका महासचिव प्रदीप आचार्य ११ वर्षअघि मेलम्ची खानेपानी आयोजनाको काम गर्ने क्रममा एकजना मजदुरको मृत्यु भएपछि क्षतिपूर्तिका लागि १० दिनसम्म काम ठप्प पार्नु परेको घटना सम्झन्छन् । ‘संगठित क्षेत्रमा पनि पैसाको कुरा आएपछि व्यवस्थापनले श्रमिकको मृत्युलाई गौण र आर्थिक विषयलाई प्राथमिकता दिन्छ’- उनी भन्छन्- ‘आन्दोलन र दबावका भरमा क्षतिपूर्ति दिलाउन सँधै सम्भव हुँदैन । त्यसका लागि कानूनमै व्यवस्था गरिनुपर्छ ।’ उनका भनाइमा सडक, पुल, नहर, बिजुली, प्लम्बिङ तथा पेन्टिङका फुटकर काम गर्ने मजदुरको हकमा समस्या झन् ठूलो छ ।

**कानूनी व्यवस्था**

श्रम ऐन २०७४को दफा ५५ मा श्रमिकको दुर्घटना बीमा गराउनुपर्ने व्यवस्था छ । रोजगारदाताले प्रत्येक श्रमिकको जुनसुकै प्रकारको दुर्घटनालाई समेट्ने गरी कम्तीमा ७ लाख रुपैयाँ बराबरको दुर्घटना बीमा गराउनुपर्ने र दुर्घटनाबाट कुनै श्रमिकको मृत्यु भएमा वा शारीरिक वा मानसिक रूपले पूर्ण अक्षम भएमा निजले बीमा रकमको शतप्रतिशत रकम त्यस्तो श्रमिक वा निजको हकवालाले क्षतिपूर्ति बापत पाउने उल्लेख छ ।

निर्माण क्षेत्रमा क्रियाशील संघ-संस्थाहरूले ऐनमा भएको यही व्यवस्थालाई आधार बनाएर रोजगारदातालाई क्षतिपूर्ति उपलब्ध गराउन दबाव दिने गरेका छन् । तर, दैनिक ज्यालादारीमा काम गर्ने मजदुरलाई ऐनको यो दफाले समेट्दैन ।

नेपाल निर्माण तथा श्रमिक संघका केन्द्रीय उपाध्यक्ष लालबहादुर पटेल आज एकठाउँमा काम गरेको मजदुर अर्को दिन काम गर्न फरक ठाउँमा जाने भएकाले बीमाले समेट्न नसकेको बताउँछन् ।

उनी रोजगारदाताले कार्यस्थल सुरक्षित बनाउन प्रयास गर्ने र मजदुर स्वयंले कामका बेला सुरक्षा सामग्री लगाउने हो भने मात्रै पनि क्षति निकै कम हुने बताउँछन् । पटेलका भनाइमा पटके काम गर्ने दैनिक ज्यालादारीका मजदुरलाई सुरक्षा सावधानी र सुरक्षा सामग्रीको प्रयोगबारे तालिम दिनु जरूरी छ ।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशक उमाकान्त आचार्य मजदुरका पेशागत युनियनले विशुद्ध पेशागत हकहितका लागि काम गर्ने, युनियनमा मजदुरको सहभागिता अत्यधिक हुने, ट्रेड युनियन र व्यवस्थापनबीच आदर्श सन्तुलन कायम हुने अपेक्षा राखिए पनि त्यसो हुन नसकेको गुनासो गर्छन् ।

उनी भन्छन्- ‘ट्रेड युनियनलाई राजनीतिक भऱ्याङ बनाउने, मजदुरका विषयमा पनि राजनीतिक आग्रह-पूर्वाग्रह राख्ने काम भइरहँदा ट्रेड युनियनहरू प्रभावकारी हुनसकेका छैनन् ।’ युनियनले मजदुरहरूको नाममा एउटा सम्भ्रान्त वर्ग जन्माइरहेको र त्यसले भुइँ तहका मजदुरको प्रतिनिधित्व गर्न नसकेको उनको आरोप छ ।

उता काउन नेपालका महासचिव प्रदीप आचार्य भने मजदुरको सुरक्षा र हकहितका लागि सरकारसँग नीति नै नभएको आरोप लगाउँछन् । उनी भन्छन्, ‘कति मजदुर दुर्घटनामा परेर घाइते भएका छन् ? कतिको मृत्यु भएको छ ? यस्ता तथ्यांक कुनै पनि सरकारी निकायसँग छैन ।’ समस्या समाधानका लागि मजदुरको सहभागितामा स्थानीय तहमै हेल्पडेक्स स्थापना गर्नुपर्ने उनको भनाइ छ ।

श्रम ऐन २०७४ ले व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी व्यवस्था गरेको छ । ऐनको दफा ८५ मा निर्माणस्थलमा उपयुक्त सुरक्षा प्रबन्ध गर्ने दायित्व रोजगारदाताको हुने उल्लेख छ ।

त्यसैगरी ऐनको परिच्छेद-१२ को दफा ६९ मा कार्यस्थलमा सुरक्षा र स्वास्थ्य सम्बन्धी उचित प्रबन्ध गरी काम गर्ने सुरक्षित वातावरण बनाउनुपर्ने र श्रमिकलाई आवश्यकता अनुसार व्यक्तिगत सुरक्षा साधन उपलब्ध गराउनुपर्ने उल्लेख छ । तर ऐनका यस्ता व्यवस्थाको कतै पालना भएको देखिंदैन । ऐनले कार्यस्थलमा सुरक्षाको विषय कार्यान्वयन गर्ने जिम्मा श्रम तथा व्यवसायजन्य सुरक्षा विभागलाई दिएको छ । विभागका महानिर्देशक उमाकान्त आचार्य व्यवसायजन्य सुरक्षाका विषयमा जनचेतना जागृत गर्ने काम भइरहेको बताउँछन् । ‘श्रम ऐन कार्यान्वयनको हतियार भनेकै चेतना जागृत गर्ने, सुरक्षा संवेदनशीलता बढाउने र एड्भोकेसीको काम हो’- आचार्य भन्छन् ।

४ साउन २०७५ मा श्रम तथा रोजगार विभागबाट अलगिगएर बनेको यो विभाग अन्तर्गत ११ वटा श्रम तथा रोजगार कार्यालय रहे पनि ती नाम मात्रका छन् । ११ मध्ये ६ वटा कार्यालयलाई वैदेशिक रोजगारसम्बन्धी काममै ठिक्क हुने आचार्य बताउँछन् । जनशक्ति अभावका कारण अनुगमन र मजदुरलाई तालिम दिने काम गर्न नसकिएको उनी स्वीकार गर्छन् ।

नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघ (काउन) का महासचिव प्रदीप आचार्य निर्माण सम्बन्धी काम गर्ने कम्पनीले कार्यस्थलमा मजदुरको सुरक्षामा ध्यान दिन शुरू गरे पनि असंगठित क्षेत्रका मजदुरहरूमा भने सुरक्षा मापदण्ड लागू हुन नसकेको बताउँछन् । ‘मजदुरहरू नै सुरक्षा सामग्री उपयोग गर्न मन गर्दैनन्’- उनी भन्छन् ।

(खोज पत्रकारिता केन्द्र)


**कर्मचारी आवश्यकता**

पदः P.R.O. कार्यालय सहायक
संख्याः १० जना (महिला/पुरुष)
योग्यताः एसएलसी पास वा +२
तलबः १५१,००।–सम्म
नोटः सञ्चयकोष र बोनसको व्यवस्था छ ।
सम्पर्कः ग्रेट फ्युचर कम्पनी
भद्रपुर रोड, बिर्तामोड
मो. ९८१४३९७३४०

**सूचना ! सूचना !! सूचना !!!**

यस बिर्तामोड नगरपालिकाका विभिन्न खोला पैनीमा अस्पतालजन्य तथा घरायसी फोहोर मैला फाल्ने गर्दा दक्षिणतर्फका कृषकहरुको खेत बालीमा उक्त फोहोरहरु जम्मा हुने गरेको पाइएकाले अव उप्रान्त उक्त फोहोरहरु कोही कसैले खोला पैनीमा नफाल्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचनालाई अटेर गरी कोही कसैले फोहोर फाल्ने गरेको पाइएमा कानून बमोजिम कडा कार्वाही हुने व्यहोरा जानकारी गरिन्छ ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# विसर्जन हुनबाट रोकौं

**पछिल्लो समय सम्बन्ध विच्छेदका घटना प्रत्येक वर्ष बढ्दै गएको छ । पूर्वीय सभ्यतामा भएको वैवाहिक परम्परा र पति–पत्नीका बीचको सम्बन्धका बारेमा विशेष मान्यता रहेको छ । पूर्वजन्ममै निर्धारण भएको र सात जुनीसम्म त्यही नाता रहने विश्वास गरिएको पति–पत्नीको सम्बन्ध आजभोलि क्षण मै टुट्न थालेको छ । यसो हुनुका पछि विभिन्न कारणहरु जिम्मेवार पनि होलान् । तर, नेपाली समाज कता जाँदैछ भन्ने बुझ्न गाह्रो छैन । सात जुनी अर्थात् सात पुस्तासम्म कायम रहने नाता किन कमजोर हुँदैछ ? कतै हाम्रो समाज विग्रह, विखण्डन र विसर्जनतिर त जाँदै छैन ? यस्ता प्रश्नहरु सम्बन्धविच्छेदको बढ्दो तथ्यांकले खडा गरेको छ ।**

**सम्बन्धविच्छेदले पार्ने सामाजिक, आर्थिक, सांस्कृतिक तथा मनोवैज्ञानिक प्रभावका बारेमा बेला–बेला छलफल, बहस र विश्लेषण हुने गरेको छ । यसको पछिका कारणहरु खोजिन्छन्, व्याख्या विश्लेषण गरिन्छन् । तर, वर्षौंनि सम्बन्धविच्छेदका घटना थपिँदै जाँदैछन् । वर्षौं दम्पती भएर बसेकाहरु पनि सम्बन्धविच्छेदको मुद्दा लिएर अदालत जान थालेको सन्दर्भले हाम्रो छलफल, बहस र विश्लेषण निरर्थक सावित हुँदैछ । सम्बन्धविच्छेदका मुद्दाका पछि वैदेशिक रोजगार, अनमेल विवाह, प्रेम विवाह र अधिकारप्रतिको सचेतना लगायतका कारणलाई मानिएको छ । तर, त्यसलाई न्यूनीकरण गर्नेतर्फ प्रयास नभएकाले यसले समाज र परिवारलाई विखण्डनको संघारमा लाँदैछ । आर्थिक वर्ष ०७७–०७८ को प्रतिवेदनले देशभर चौध हजारभन्दा बढी घरेलु हिंसाका मुद्दा दर्ता भएको देखिएको छ । घरेलु हिंसा पति–पत्नीबीचको असमझदारीको परिणाम हो र त्यही सम्बन्धविच्छेदमा टुंगिएका पनि छन् ।**

**समानता, स्वतन्त्रता र अधिकारप्रतिको चेतनासँगै राम्रो लगाउने, मीठो खाने, शहरी जीवनमा रमाउन खोज्ने, अरुको देखासिकी गर्ने मानसिकता पनि हिजोआज सम्बन्धविच्छेदका कारण बनिने गरेका छन् । यसले पूर्वीय पारिवारिक तथा सामाजिक ढाँचामा विचलन ल्याएको छ । उल्लेखित कुनै कारणले सम्बन्धविच्छेद गर्न पुगेका दम्पत्तिका कारण उनीहरुका सन्तानको मनोदशामा पर्ने प्रभावलाई समेत केन्द्रमा राख्नु पर्दछ । आमा–बुवाका कारण बालबालिका भावनात्मक रुपमा संवेदनशील हुने, समाजबाट अलग बस्ने, सामाजिक गतिविधिमा अरुचि देखाउने, रिसाउने, झर्किने र मानसिक रुपले विक्षिप्त हुने जस्ता असर यसकै उपज हुन् । नेपाली जीवनशैली र पूर्वीय सभ्यताकै विरुद्ध हुर्किँदै गरेको यस विषयलाई अरुको सिको गर्ने मानसिकताले पनि बढावा दिइरहेको छ । आजको पुस्ता अरुको नक्कल गर्न, आधुनिकताको नाममा विकृति, विसंगति भित्र्याउन लागेकाले पनि हुर्कंदै गएको सम्बन्धविच्छेदको कुसंस्कृतिलाई समयमै सम्बोधन गर्न सकिएन भने यसले दिने परिणाम झनै भयावह हुनेछ । हाम्रो मानसिकता, परम्परा र विशिष्ट संस्कृतिसँगै जातीय अस्तित्व पनि नामेट हुन बेर लाग्ने छैन । त्यसैले समानता, स्वतन्त्रता, अधिकारको प्रयोग गर्दा र मर्यादा र सीमा उल्लंघन गर्दाको परिणामप्रति बेलैमा सचेत हुनु पर्छ ।**

# नयाँ माध्यम र सामाजिक सञ्जाल



डा.निर्मलमणि अधिकारी

'नयाँ माध्यम' (न्यू मिडिया) शब्दावलीमा आएको 'नयाँ' शब्दको अर्थ सन्दर्भ अनुसार लगाउनुपर्ने हुन्छ। कुनै जमानामा छपाइ मेसिन (मुद्रण यन्त्र) पनि नयाँ थियो। रेडियो तथा टेलिभिजन पनि जुन बेला शुरु भएका थिए, त्यतिबेला नयाँ नै थिए। तर, आजको सन्दर्भमा पुरानो प्रविधिबाट सञ्चालन हुने पत्रपत्रिका, रेडियो तथा टेलिभिजन माध्यमहरू पुराना माध्यम मानिन्छन् किनभने ती भन्दा झन् नयाँ माध्यम आइसकेको छ।

वर्तमान परिप्रेक्ष्यमा 'नयाँ' भनेर डिजिटल प्रविधिको प्रयोगलाई इङ्गित गरिएको हो। कम्प्युटर तथा मोबाइल फोन मार्फत मानिसले दूरसञ्चार, सूचना प्राप्ति र मनोरञ्जन लगायतको संकेन्द्रित प्रयोग गरिरहेका छन्। अनलाइन समाचार माध्यम, सोसल मिडिया, ब्लग, भिडियो गेम आदिलाई सञ्चारविद्हरूले 'नयाँ माध्यम' भनेर उल्लेख गरेको पाइन्छ।

रबर्ट लोगनले आफ्नो पुस्तक अण्डरस्ट्याण्डिङ न्यू मिडियामा 'नयाँ माध्यम' भन्नाले त्यस्ता डिजिटल माध्यम हुन्, जो अन्तर्क्रियात्मक (इन्टरएक्टिभ) छन्, दोहोरो सञ्चार सम्मिलित गर्छन् र कम्प्युटिङको कुनै न कुनै स्वरूप प्रयोग गर्छन् भन्ने परिभाषा दिएका छन्। द न्यू मिडिया रिडर पुस्तकमा 'नयाँ माध्यम'का विज्ञ प्राध्यापक लेव् म्यानोविच्ले यो माध्यम कम्प्युटरमा आधारित रहेको वा वितरणका लागि कम्प्युटरमा निर्भर रहेको विश्लेषण गरेका छन्। 'नयाँ माध्यम' अनिवार्यतः डिजिटल प्रविधिमा आधारित छन्।

'नयाँ माध्यम'को उद्भव, विकास र प्रयोगमा कम्प्युटर प्रविधिको निर्णायक प्रभाव देखिएको छ। कम्प्युटर र इन्टरनेटको आविष्कारपछि त्यसको प्रभाव सञ्चार क्षेत्रमा पनि पऱ्यो र सूचना तथा सञ्चार प्रविधिको विकासका कारणले मिडिया जगत्मा पनि अभूतपूर्व परिवर्तन आयो। सूचना र मनोरञ्जनका लागि वर्तमान समयमा डिजिटल प्रविधिका अनेकौं उपकरण उपलब्ध छन्। पत्रपत्रिकाका प्रकाशक र रेडियो स्टेशन तथा टेलिभिजन च्यानलका सञ्चालकहरूले पनि आफ्नो सेवालाई 'नयाँ माध्यम' मार्फत प्रस्तुत गर्न थालिसकेका छन्। आज 'नयाँ माध्यम' लगभग सबै प्रकारका सूचनाहरूको साझाथलो (प्लेट्फर्म) बनिसकेको छ।

'नयाँ माध्यम'का लागि कम्प्युटर प्रविधिमा आधारित डिजिटल प्लेटफर्मको प्रयोग सूचनाको वितरण प्रणालीका लागि पनि अनिवार्य रूपमा भइरहेको छ। तसर्थ, कम्प्युटर प्रविधिमा नयाँ विकास हुनासाथ त्यसको प्रत्यक्ष प्रभाव 'नयाँ माध्यम'मा स्वतः पर्छ। भविष्यमा सूचना तथा सञ्चार प्रविधिमा आउने परिवर्तनसँगै 'नयाँ माध्यम'को स्वरूपमा पनि परिवर्तन अवश्यम्भावी देखिन्छ। 'नयाँ माध्यम' साँच्चिकै नयाँ भएको हुनाले यो आफ्नो विकासको प्रारम्भिक चरणमा छ र प्रविधिमा हुँदै गरेका तथा भविष्यमा हुने विकाससँगै यसको थप चमत्कार देख्न पाइने आकलन अध्येताहरूको रहेको छ।

'नयाँ माध्यम'मा उच्च अन्तरक्रियात्मकता एक मुख्य विशेषता देखिन्छ। 'नयाँ माध्यम'का प्रयोगकर्ताहरू केवल लक्षित प्रापकवर्ग मात्र होइनन्, यिनीहरू त सूचना वा अन्तर्वस्तुका सक्रिय उत्पादक पनि हुन्। अर्थात्, 'नयाँ माध्यम'का प्रयोगकर्ताहरूमा प्रेषक र प्रापक दुई वटै भूमिकाको सहविद्यमानता छ। 'नयाँ माध्यम'को कारणले नयाँ स्वरूपका सञ्चार व्यवहार सम्भव भएका छन्। यसरी डिजिटल सञ्चार सञ्जाल पनि नयाँ माध्यमको एक विशेषताका रूपमा रहेको छ। अनलाइन डिजिटल प्लेटफर्ममा अस्तित्व रहेका भर्चुअल समुदायहरूको प्रभाव वास्तविक समाज वा समुदायमा पनि पर्छ। नयाँ माध्यमको प्रभाव सामाजिक मूल्य-मान्यता र सामाजिक रूपान्तरणमा पनि परेको देखिन्छ।

'नयाँ माध्यम'मार्फत जति पनि सूचना सामग्री उत्पादन तथा वितरण हुन्छन्, ती डिजिटल तथ्याङ्क हुन्। डिजिटल तथ्याङ्क भएको हुनाले सफ्टवेयरको प्रयोगबाट उक्त सामग्रीलाई आवश्यकता वा रुची अनुसार परिवर्तन गर्न मिल्छ। यसकारणले एउटै सामग्रीको अनेकौं स्वरूपमा उत्पादन गर्न मिल्छ। जस्तै कुनै व्यक्तिको फोटो खिचियो भने एउटै मात्र फोटोलाई पनि अनेकौं तरिकाले सम्पादन तथा प्रस्तुत गर्न सकिन्छ। एकै जना संवाददाताले तयार पारेको समाचार सामग्री मल्टिमिडिया प्लेटफर्ममा अलग-अलग स्वरूपमा प्रस्तुत गर्न सकिन्छ।

'नयाँ माध्यम'मा पुराना माध्यमको तुलनामा निकै तीव्र गतिमा सूचनाको सङ्कलन, प्रशोधन, सम्पादन एवम् वितरण गर्न सकिन्छ। तीव्रतर गति पनि 'नयाँ माध्यम' को एक प्रमुख विशेषता हो। 'नयाँ माध्यम' मा प्रेषक र प्रापकको आपसी अन्तरक्रिया पनि वास्तविक समयमै सम्भव हुन्छ, जुन पुराना आमसञ्चारमाध्यममा हुने ढिलो प्रतिक्रिया प्रक्रियाको तुलनामा कता हो कता प्रभावकारी छ।

सामान्यतयाः सामाजिक सञ्जाल भन्नाले विशिष्टिकृत वेबसाइटहरू तथा एप्लिकेसनहरूको प्रयोग गरी बनाइएको अनलाइन सञ्जाल (नेटवर्क) बुझिन्छ, जहाँ प्रयोगकर्ताहरूले एकअर्कासँग अन्तरक्रिया गर्न वा समान रुची तथा सरोकार भएका मानिसहरूको समूह बनाउन सक्छन्। यो अनलाइन प्लेटफर्म हो, जुन वैयक्तिक, भावनात्मक वा व्यावसायिक सम्बन्ध बनाउन र कायम राख्न प्रयोग गरिन्छ। सामाजिक सञ्जालमा उच्च अन्तरक्रियात्मकताको सुविधा हुन्छ र सोसल नेटवर्किङ भन्नासाथ प्रयोगकर्ता वा सहभागीहरूको आपसी अन्तरसम्बद्धता एवम् अन्तरक्रिया अनिवार्य मानिन्छ।

मानिसहरू सामाजिक सञ्जालमार्फत जोडिएर भर्चुअल समुदायमा सहभागी भई सूचना वा सन्देशको साझेदारी गर्न सक्छन्। अर्थात्, सामाजिक सञ्जालमा प्रयोगकर्ताहरू उच्च अन्तरक्रियात्मक वेबसाइट वा एपको माध्यमबाट भर्चुअल समुदाय बनाउन र सूचनाको उत्पादन तथा साझेदारी गर्न पाउँछन्। त्यस्तो सूचना सामग्री शब्द, फोटो, भिडियो, एनिमेसन आदिका रूपमा सम्प्रेषण गर्न सकिन्छ। सामाजिक सञ्जालका प्रयोगकर्ताहरूको आपसमा दोहोरो सहभागितायुक्त सञ्चार हुन्छ।

सामाजिक सञ्जालमा सहभागी हुनका लागि डिजिटल मिडियामा पहुँच हुनुपर्छ। प्रयोगकर्ताहरूले कम्प्युटर (डेस्कटप, ल्यापटप आदि) वा स्मार्ट फोन वा ट्याब्लेट जस्ता मोबाइल उपकरणबाट इन्टरनेटमार्फत सोसल मिडियामा पहुँच बनाउँछन्। सामाजिक सञ्जालको स्वरूप र त्यसमार्फत गर्न सकिने क्रियाकलापको दायरा निकै छिटो-छिटो परिवर्तन भइरहेको देखिन्छ। उदाहरणका लागि फेसबुक, ट्वीटर, लिङ्कड्इनमा केही वर्ष पहिलेको तुलनामा हाल निकै धरै अन्तरक्रियात्मक सुविधा उपलब्ध छन्।

सोसल नेटवर्किङ (सामाजिक सञ्जाल) र सोसल मिडियालाई धेरै जनाले समानार्थक झैं प्रयोग गरेको देखिन्छ। तर, सञ्चारविद्हरूले तिनीहरूको फरक फरक अर्थ गर्छन् र उपयुक्त तरिकाले परिभाषित गर्नुपर्नेमा जोड दिन्छन्। सोसल नेटवर्किङले अनलाइन सञ्चारको प्रक्रियालाई जनाउँछ भने सोसल मिडिया भनेका प्रविधि वा उपकरण हुन्। सोसल मिडियाको प्रयोगकर्ता हुनासाथ सोसल नेटवर्किङको सदस्य होइन्छ भन्ने छैन।

प्रयोगकर्ता वा सहभागीहरूको आपसी अन्तरसम्बद्धता एवम् अन्तरक्रिया छैन भने सोसल नेटवर्किङ हुँदैन। सोसल नेटवर्किङ हुनका लागि दोहोरो सहभागितात्मक सञ्चार आवश्यक हुन्छ। ब्लगमा सामग्री प्रकाशित गर्नु वा युट्युबमा भिडियो अपलोड गर्नु सोसल मिडियाको प्रयोग हो। तर, सोसल नेटवर्किङ होइन। फेसबुक, ट्वीटर आदिमा सोसल मिडिया र सोसल नेटवर्किङ दुबैका विशेषताहरू छन्।

फेसबुकमा कसैले आफ्नो पेज बनाउँछ, आफ्ना फोटो, भिडियो अपलोड गर्छन्। तर, अन्तरक्रिया गर्दैन भने त्यो अवस्थामा सोसल नेटवर्किङ नभई फेसबुकलाई सोसल मिडियाको रूपमा प्रयोग गरेको अवस्था मानिन्छ। सोसल मिडियाको सर्वमान्य परिभाषा छैन। सोसल मिडियाको प्राविधिक पाटो हेर्ने हो भने यो कम्प्युटर आधारित, इन्टरनेट मार्फत आबद्ध, अन्तर्क्रियात्मक सुविधा भएको प्लेटफर्म हो। सञ्चार अध्येताहरूले सोसल मिडियालाई अन्तरक्रियात्मक वेब २.० इन्टरनेट आधारित एप्लिकेसन भनेर पनि परिभाषित गरेका छन्।



सोसल नेटवर्किङ आधुनिक युगको विशेष सञ्चार परिघटनाको रूपमा विकास भएको छ। हामीले सञ्चार गर्ने तरिका, व्यवसाय गर्ने शैली, दैनन्दित व्यवहार सबैमा सोसल नेटवर्किङले प्रभाव पारिसकेको छ। कैयौं व्यक्ति त सोसल नेटवर्किङ बिनाको जिन्दगीको कल्पना पनि गर्न नसक्ने गरी योबाट लट्ठ परेका देखिन्छन्। कतिपय व्यक्तिका अनेकौं गतिविधि सामाजिक सञ्जालमा अरूको ध्यानाकर्षण गर्ने उद्देश्यले मात्र प्रेरित भएको पनि पाइन्छ।

सामाजिक सञ्जालका धेरै फाइदा र बेफाइदा पनि छन्। कुनै एक ठाउँमा बसेर संसारका अनेकौं ठाउँका मानिसहरूसँग जोडिने अवसर यसले दिएको छ। सहज र तत्काल सञ्चारको सुविधा पनि सामाजिक सञ्जालबाट प्राप्त भएको फाइदा हो। सामाजिक सञ्जालमा आफ्नो रुची वा सरोकार अनुसारका समूह बनाउन, संवाद गर्न र सामञ्जस्य स्थापित गर्न सजिलो भएको छ। सामाजिक सञ्जालको मद्दतले सामाजिक, सांस्कृतिक, राजनीतिक वा अन्य प्रकारका अभियानहरू शुरु गर्ने प्रचलन पनि संसारभरि नै देखिन्छ।

समाचार र अन्य सूचनाको प्रवाहमा पनि सामाजिक सञ्जाल अत्यन्त उपयोगी ठहरिएका छन्। विपद् र सङ्कटका समयमा उपयोगी सूचनाको साझेदारी गर्न र राहत वा मद्दत कार्यहरूमा समन्वय एवम् सहकार्य गर्न पनि सामाजिक सञ्जालहरू प्रभावकारी माध्यम ठहरिएका छन्। शैक्षिक तथा अनुसन्धान प्रयोजनका लागि पनि सामाजिक सञ्जालको प्रयोग हुँदै आएको छ र यो मनोरञ्जनको अपार भण्डार पनि हो। यो स्वतन्त्र अभिव्यक्ति र व्यक्तित्व विकासको मञ्च पनि हो। उद्यमशीलताको विकास र व्यवसायको प्रवर्द्धन गर्नका लागि पनि सामाजिक सञ्जालले ठूलो मद्दत पुऱ्याउन सक्छ।

अर्कोतिर, सामाजिक सञ्जाल दुरुपयोग गरिएका घटनाहरू पनि बढेका छन्। सामाजिक सञ्जालको अधिक प्रयोगको कारणले मानसिक समस्यामा परेका मानिसहरूको संख्या बढ्दो छ। सामाजिक सञ्जालमा मात्र भुलेर परिवार र वास्तविक समाजमा अन्तरसंवाद, अन्तरक्रिया नगर्ने व्यक्तिहरूलाई एक्लोपनाको समस्याले सताउने रहेछ भन्ने तथ्य अनेकौं अनुसन्धानबाट थाह भएको छ। सामाजिक सञ्जालमा धेरै भुल्ने व्यक्तिको निद्रा खल्बलिने, ध्यान विकेन्द्रित हुने र उनीहरूले आफ्ना जिम्मेवारी राम्ररी पूरा नगर्ने खतरा रहेको अध्येताहरूले बताएका छन्।

बालबालिका र किशोरकिशोरीहरूले सामाजिक सञ्जालको सही सदुपयोग गर्न नजानेको कारणले उनीहरूलाई हानी पुगेका धेरै घटना भइसकेका छन्। जुनसुकै उमेरका व्यक्तिको पनि गोपनीयता सामाजिक सञ्जाल मार्फत भङ्ग हुन गई नकारात्मक असर पर्ने सम्भावना रहन्छ। उपभोक्तावादी देखासिकीलाई बढावा दिनु पनि सामाजिक सञ्जालको बेफाइदा हो। सूचनाको गेटकिपिङ खासै नहुने भएकाले सामाजिक सञ्जाल मार्फत हल्लैहल्ला, मनमौजी गफ, गलत सूचना, घृणा फैलने खालको सामग्री आदिको दुस्प्रचार पनि ज्यादै भइरहेको देखिन्छ।

व्यावसायिक मूलधारको मिडियाबाट प्रकाशित प्रशारित समाचारमा पहुँच नभएका र जानकारीका लागि सामाजिक सञ्जालमा भर पर्ने व्यक्तिहरू गलत सूचनाबाट पीडित हुने सम्भावना ज्यादै हुन्छ। सामाजिक सञ्जालकै माध्यमबाट सम्पर्क र सम्बन्ध विस्तार गरी ठगी, दुर्व्यवहार, यौनशोषण गर्ने अपराधीहरू पनि हुन्छन्।

आतङ्कवादी समूहहरूले सामाजिक सञ्जालको प्रयोग गरेर सङ्गठन विस्तार गरेका घटना पनि उजागर भएका छन्। यसरी सामाजिक सञ्जालका फाइदा पनि धेरै छन् र बेफाइदा पनि कम छैनन्। फाइदा हुने वा बेफाइदा हुने भन्ने त सदुपयोग वा दुरुपयोगको कारणले हो। सामाजिक सञ्जालको सदुपयोग गर्नुपर्छ र यसबाट लाभान्वित हुनुपर्छ। *गोप*

# पार्टी सुदृढीकरणका लागि तीन महिने अभियान

**पथरीशनिश्चरे, असार २६।** यसअघिका स्थानीय तहको निर्वाचनमा पराजित भएपछि माओवादी केन्द्र पथरीशनिश्चरेले आफ्नो पार्टी मजबुत बनाउन तीन महिने अभियान चलाउने भएको छ ।

संघीय गणतन्त्र स्थापना भएपछि दुई वटा स्थानीय तहको चुनावमा आफ्नो दल पराजित भएपछि माओवादी नगर समितिले अभियान सञ्चालन गर्ने भएको हो ।

गत वैशाख ३० गते सम्पन्न निर्वाचनको समीक्षा बैठक असार १७ गते सम्पन्न भएको थियो । सोही समिक्षात्मक बैठकले गत निर्वाचनमा पथरीशनिश्चरे नगरका चार वटा वडा जित्नु पर्ने अवस्था हुँदा हुँदै पनि आफ्नै पार्टीबाट नगर प्रमुखका उम्मेदवार दिनानाथ तिम्सिना र पार्टीका नगर अध्यक्ष चेतन दाहालको कमजोर भूमिकाको कारण पारजित हुनु परेको निष्कर्ष निकाल्दै उनीहरू माथि कारवाहीको लागि पार्टीको उपल्लो तहमा सिफारिस गरिसकेको छ ।

समीक्षात्मक बैंठकले उपाध्यक्ष गोविन्द कटुवाललाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएको थियो । अध्यक्ष कटुवालको अध्यक्षतामा पार्टी कार्यालयमा बसेको बैठकले पार्टीलाई मजबुत बनाउन पार्टीको वडा, भातृ संगठनहरुको भेला, बैठक, प्रशिक्षणसहित संगठनहरुको गठन, पुनः गठनसहितको तीन महिने पार्टी सुदृढीकरण कार्यक्रम ल्याउने तयारी भइरहेको नगर सचिव मोहन लिम्बूले बताएका छन् ।

बैठकमा पार्टीको बैकल्पिक केन्द्रीय सदस्य लालबहादुर मगर, प्रदेश समिति सदस्य रञ्जु कटुवाल, किराती मोर्चाको केन्द्रीय महासचिव अर्जुन जम्नेली, शिव तिम्सिना, सह इञ्चार्ज नेत्र पोखरेल (विशाल), खेमनाथ ढुङ्गेल, उपाध्यक्ष कमल हाङबाङ लगायतको स्थापित नेताहरु र पदाधिकारी बैठकले पार्टी निर्माणको लागि अभियान चलाउनेबारे पनि छलफल भएको थियो ।

बैंठकले नगरमा रहेका जनयुद्धकालीन शहीद तथा बेपत्ता परिवारसँग भेटघाट गर्ने, माओवादी तत्कालिन नेतृत्वको प्रवृतिप्रति असहमति राखेर पार्टी छाडेका नेता कार्यकर्ताहरुसँग भेटघाट, युवा, विद्यार्थी, महिला, मजदुर, किसान लगायतको भातृ संगठनहरुलाई क्रियाशील गर्ने, वैचारिक तथा सांगठनिक प्रशिक्षण चलाउने, सदस्यहरुबाट लेवी व्यवस्थित गर्ने लगायतको निर्णय भएको छ ।

पार्टीलाई गति प्रदान गर्न र परिचालनको लागि नगरभित्र रहेका नेताहरु रहने गरी उच्चस्तरीय कमाण्ड गठन गर्ने, नगरपालिकामा चल्दै आएको साना ठूला आयोजना तथा विकास निर्माणको निगरानी, कमिशन, भ्रष्टाचारको अन्त्य, नगरपालिका, सुरक्षा सम्बन्धी कार्यालय, पथरी अस्पताल लगायतका सरकारी कार्यालायहरुमा सुशासन कायम गर्न निगरानी र गलत कार्य भएको पाइएमा भण्डाफोर अभियान चलाउने, भूमिहीन सुकुम्बासीहरुलाई जग्गा उपलब्ध गराउन प्रक्रियामा सहयोग गर्ने, लगायतको निर्णय भएको अध्यक्ष गोविन्द कटुवालले बताए ।

पार्टीलाई संस्थागत विकास गर्दै यी सम्पूर्ण कार्यक्रम नगरको साउनको पहिलो हप्ता बस्ने पूर्ण बैठकले निर्णय गरेर कार्यान्वयनमा जाने बताए । नगरपालिकाको संमृद्धिको लागि नेपाली कांग्रेस, नेकपा (एस), जसपा लगायतको पार्टीहरुसँग समन्वय र सहकार्यमा रचनात्मक प्रतिपक्षीको भूमिका निर्वाहको लागि छलफल अघि बढाउने तयारी रहेको जनाइएको छ ।

पहिलो संविधानको निर्वाचनमा तत्कालीन एमाले केन्द्रीय नेता भरतमोहन अधिकारीलाई माओवादीका लालबहादुर सुस्लिङले पराजित गरेका थिए ।

# निजी वन बिस्तार गर्न किसान आकर्षित

**ताप्लेजुङ, असार २७।** ताप्लेजुङका कृषक पछिल्लो समयमा निजी वन विस्तार गर्न आकर्षित हुँदै गएको छ ।

वनबाट राम्रो आम्दानी हुने र सहजरुपमा अनुदान पाउँन थालेसँगै निजी वन विस्तार गर्न किसान आकर्षित हुँदै गएको हुन् । डिभिजन वन कार्यालयबाट चालू आर्थिक वर्षमा निजी वन विस्तार गर्ने आठ किसानलाई अनुदान उपलब्ध गराएको छ । रु. एक/एक लाखका दरले रु. आठ लाख निजी वन विस्तार गर्ने किसानलाई अनुदान उपलब्ध गराएको सो कार्यालयले जनाएको छ ।

अनुदान पाउनेमा मैवाखोला गाउँपालिका-२ का राजु तामाङ, फुङ्लिङ नगरपालिका-९ हाङ्देवाका लाक्पा छेकी शेर्पा, सुकेटारका ओमप्रकाश राई र ७ का अनिल खड्कालाई एक लाखका दरले अनुदान पाएका छन् ।

फुङलिङ-८ का उमानाथ पौडेल र मैवाखोला -२ का पहलमान लिम्बूलाई क्रमशः रु. ३९ हजार र ४२ हजार अनुदान उपलब्ध गराएको वन कार्यालयले जनाएको छ । वनजङ्गल घेराबारा, बोटबिरुवा काटछाट र स्याहारका लागि अनुदान दिएको कार्यालयले जनाएको छ ।



अनुदान पाउने किसान साच्चिकै मेहनती भएको अनुगमनमा पुगेको प्रमुख जिल्ला अधिकारी महेशकुमार पोखरेले जानकारी दिए । वास्तविक किसानलाई अनुदान दिन सके मात्र कार्यक्रमको सार्थकता हुने भएकाले छनोट गरेर मात्र अनुदान दिने गरेको सो कार्यालयले जनाएको छ ।

डिभिजन वन कार्यालय प्रमुखको संयोजकत्वमा फोकल टिम गठन गर्ने प्रावधान छ । प्रशासन, कोष तथा लेखा नियन्त्रक कार्यालय, फेकोफन, उद्योग वाणिज्य सङ्घ र कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का प्रतिनिधिलाई 'फोकल टिम'मा समावेश गर्ने गरेको छ ।

जिल्लास्थित छ ठाउँमा कार्यालयले नर्सरी स्थापना गरेको छ । डिभिजन वन कार्यालय, पाथीभरा सवडिभिजन कार्यालय तोक्मे, तेल्लोक, दोभान, सान्थाक्रा र तिरिङेमा नर्सरी स्थापना गरेको छ । ती छ वटा ठाउँमा जडीबुटी बिरुवा एक लाख, वार्षिक बिरुवा एक लाख ५० हजार र बहुवर्षीय बिरुवा ३० हजार रहेको सहायक वन अधिकृत यादवले बताए ।

# खानेपानीको दोस्रो ट्यांकी सञ्चालनमा





**अर्जुनधारा, असार २७।** अर्जुनधारा-८ स्थित शनिश्चरे-अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दोस्रो खानेपानी ट्यांकी आइतबारदेखि सञ्चालनमा आएको छ।

समितिको अर्जुनधारा-९ स्थित मगरचोकमा रहेको चार लाख ५० लिटर क्षमताको उक्त खानेपानी ट्यांकीको प्रमुख अतिथि समितिका सल्लाहकार संयोजक केदारमणि ढकालले उद्घाटन गरेका थिए।

गत वैशाखदेखि अनुमानित तीन महिनासम्म भएको परीक्षण अवधिमा आवश्यक मर्मतपश्चात् पूर्णरुपमा सञ्चालनमा आएको उक्त खानेपानी ट्यांकी प्राविधिकरुपमा सफल रहेको समितिका अध्यक्ष किरण शिवाकोटीले दाबी गरे।

समितिको दोस्रो खानेपानी ट्यांकी सञ्चालनमा आएपछि अर्जुनधारा- ५, ६, ७, ८, ९, १० र ११ नम्बर वडामा नियमितरुपमा सहज ढंगले खानेपानी वितरण गर्न सकिने अध्यक्ष शिवाकोटीले बताए।

सोही कार्यक्रममा स्थानीय एवम् अर्जुनधारा नगर सभा सदस्य केशव थापाले पहिलो उपभोक्ता बनेका छन्। उनी भन्छन्- 'दोस्रो खानेपानी ट्यांकी सञ्चालनमा आएपछि उपभोक्ता बन्ने रहर पूरा भयो।'

समितिका अध्यक्ष शिवाकोटीको अध्यक्षतामा आयोजित कार्यक्रममा अर्जुनधारा-९ वडा समितिका वडाध्यक्ष भिष्म मिश्र, निवर्तमान वडाध्यक्ष पुष्पकुमार प्रसाई, नगर सभा सदस्य सरु बुढाथोकी लगायतको सहभागिता रहेको थियो। कार्यक्रमको सञ्चालन सचिव राकेश ढकालले गरेका थिए।

# रक्सीलाई विश्व बजारमा पुऱ्याउन सके पहिचान बन्ने

**धरान, असार २७।** घरेलु मदिरा (कोदोको रक्सी)लाई ब्राण्ड बनाई विश्व बजारमा पुऱ्याउन सके आम्दानीसँगै पहिचान बन्नेमा दुईमत नरहेको सरोकारवालाहरुले बताएका छन्।

परम्परागत मदिरा (कोदोको रक्सी) प्रवर्द्धन समितिले धरानमा आयोजना गरेको भेलामा उपस्थित विज्ञ, बुद्धिजीवी, सरोकारवालाहरुले घरेलु मदिराको रुपमा प्रयोग हुँदै आएको कोदोको रक्सीलाई प्रशोधन गरी बजारमा ल्याउन सके आम्दानीसँगै पहिचान बन्दै जाने बताएका हुन्। उनीहरुले यस अभियानमा आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने बताउँदै समितिलाई अगाडि बढ्न आग्रह समेत गरे।

भेलामा प्रवर्द्धन समितिकी सदस्य सरस्वती सिंघकले कोदोको रक्सीका सम्भावना र अवसरका विषयमा कार्यपत्र प्रस्तुत गरेकी थिइन्। कार्यपत्र प्रस्तुत गर्दै सिङकले गाउँघरमा कोदो फलाउने र त्यसबाट रक्सी बनाउने गरिए पनि यसको महत्वलाई बुझेर सरकारले ठोस योजना बनाउन नसक्दा घरायसी प्रयोगमा मात्र सीमित भएको बताइन्। उनले प्रर्वद्धन समिति प्रदेश नं. १ ले कोदोको रक्सीका विषयमा प्रदेश सरकार, माननीय उषाकला राई र यससँग सम्बन्धित सरोकारवालाहरुसँग पटक-पटकको छलफल, अन्तरक्रिया गर्दै प्रदेश सरकारको योजनामा पार्न सफल भएको बताइन्।

भेलामा बुद्धिजीवी देशु बनेमले स्वास्थ्यका दृष्टिकोणले कोदो गुणकारी भएको बताउँदै कोदोको रक्सीलाई ब्राण्डिङ गरि विश्व बजारमा पुऱ्याउन सके लाभदायी हुने बताए। उनले कोदोबाट रक्सीमात्र नभई स्वास्थ्यका लागि लाभकारी हुने विभिन्न खाद्य सामग्रीहरु समेत हुने हुँदा कोदो उत्पादनमा जोड दिन आवश्यक रहेको औंल्याए।




भेलामा आफ्नो कुरा राख्दै बनेमले कृषि प्राविधिकको निगरानीमा कोदो खेतीमा जोड दिनुपर्ने, रक्सी बनाउनका लागि आवश्यक मर्चाका लागि जंगल जडिबुटीको पहिचान गर्दै सोको संरक्षण गरिनुपर्ने कुरामा राज्यको ध्यान केन्द्रीत हुनुपर्ने माग राखे। जेन्टल लावतीको संयोजकत्वमा भएको कार्यक्रममा सहभागी सरोकारवालाहरुले कोदोको रक्सी र आयआर्जनको विषयमा आ-आफ्नो विचार राखेका थिए।

सोही दिन परम्परागत मदिरा (कोदोको रक्सी) प्रवर्द्धन समिति सुनसरी गठन गरिएको छ। प्रवर्द्धन समितिको प्रदेश १ का जिल्लाहरुमा समिति विस्तार उद्देश्य अनुरुप सुनसरीमा नगेन्द्र पारघरी खजुमको संयोजकत्वमा १३ सदस्यीय प्रवर्द्धन समिति गठन गरिएको हो।

समितिको सदस्यहरुमा निमा फुङ्गसुवा, रीता खापुङ्ग, लीला राई, सानु ल्वागुन, सुमित्रा राई, निर्मला राई, कमला सुब्बा, हेमराज जिमी याक्खा, विश्वास मगर, बिना पुमा राई, ऐंसा सुनुवार, लक्ष्मी राई रहेको छन्।

त्यसैगरी सोही बेला सल्लाहकार समिति पनि गठन गरिएको कार्यक्रमका संयोजक जेन्टल लावतीले जानकारी दिए। उनका अनुसार सल्लाहकार समितिमा धरानका वरिष्ठ पत्रकार हर्ष सुब्बा, डा. कमल तिगेला, नरप्रसाद लुङ्गफुङ्गवा, विपीन इवारम, भक्तराज रसाइली, तेन्जिङ शेर्पा, ताजुब लिम्बू रहेका छन्।

प्रवर्द्धन समितिले यसअघि झापा र मोरङमा समिति विस्तार गरिसकेको प्रदेश समिति सदस्य सिंघकले जानकारी दिइन्।

# सवारी दुर्घटनाबाट एक जनाको मृत्यु




**मोरङ, असार २७।** मोरङको बिराटनगर महानगरपालिका-१३ स्थित कोशी प्रोजेक्टको भित्री सडकखण्डमा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

समयमा दक्षिणबाट उत्तरतर्फ आउँदै गरेको प्रदेश १ -०२-०४९ प ६२५८ नम्बरको मोटरसाइकलले विपरीत दिशातर्फ जाँदै गरेको साइकललाई ठक्कर दिदा साइकलमा सवार विराटनगर-१५ का ४५ बर्षीय भोला श्रेष्ठ र १२ बर्षीय सुशान्त श्रेष्ठ घाइते भएका थिए।

घाइते दुबै जनालाई उपचारको लागि न्यूरो अस्पताल पठाइएकोमा उपचारको क्रममा भोला श्रेष्ठको मृत्यु भएको तथा घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय रानीले जनाएको छ।

# निजी, सहकारी र राज्यबीच सहकार्य आवश्यक

**कमल, असार २७।** प्रदेश नं. १ का कृषि मन्त्री झलकसिंह दर्लामीले निजी, सकहकारी र राज्य तीनै क्षेत्रको सहकार्यमा मात्र राज्य अगाडी बढ्ने बताए।

प्रदेश नं. १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेडले दमकका गरेको प्रारम्भिक साधारणसभाको उद्घाटनपछि आफ्नो मन्तव्यका क्रममा मन्त्री दर्नालले सो कुरा बताएका हुन्। देश अहिले संकटबाट अगाडि बढिरहेको छ। यस्तो अवस्थामा राज्य एक्लैले मात्र केही गर्न सक्दैन यसका लागि निजी क्षेत्र, सहकारी र राज्य मिलेर अगाडि बढे मात्र देशको विकास हुने मन्त्री दर्लामीले बताएका हुन्।

कृषकले उत्पादन गरेका वस्तुले बजार नपाइरहेका बेला थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेड मार्फत बजारीकरण गर्न सहज हुनेछ। यसका साथै दूध उत्पादन गर्ने कृषकलाई सहकारी मार्फत बिक्रीवितरण गरेमा उत्पादनको आधारमा प्रदेश सरकारले प्रति लिटर दुई रुपैयाँ अनुदान उपलब्ध गराउने समेत मन्त्री दर्लामीले बताए।




त्यस्तै प्रदेश नम्बर १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेडका अध्यक्ष महेन्द्र गिरीले सहकारीले अहिलेसम्म गरेको प्रगतिको विवरण सुनाउँदै प्रदेश नम्बर १ मा रहेका सबै सहकारीले विशिष्टिकृत सहकारी संघ यसको सदस्यता दिन अनुरोध गरे।

बजार अभावका कारण कृषकलाई धेरै उत्पादन गर भन्न सक्ने अवस्था छैन। यसैका कारण छिमेकी देशबाट कृषि उत्पादनका विभिन्न समान आयत भइरहेको छ। आयातलाई रोक्दै स्थानीय उत्पादनलाई प्रोस्साहन गर्नतर्फ प्रदेश सरकार लाग्नुपर्ने बेला आएको केन्द्रीय कृषि सहकारी संघकी उपाध्यक्ष मीना ढकालले बताइन्।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक गणेश ढकाल, प्रदेश सहकारी संघका अध्यक्ष डिल्ली पोखेल, नेस्कुनका पूर्व सञ्चालक तथा जिल्ला सहकारी संघ झापाकी उपाध्यक्ष चन्द्रा खड्का, प्रदेश सहकारी संघ तथा जिल्ला सहकारी संघ झापाका सचिव भवानीप्रसाद दंगाल, जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष तुलाराम न्यौपाने लगायतले विशिष्टिकृत सहकारी संघ लिमिटेडको प्रारम्भिक साधारण सभा सफलताको शुभकामना दिएका थिए।

प्रदेश नं. १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेडका सदस्य प्रम सापकोटाले सञ्चालन गरेका थिए भने कार्यक्रममा उपस्थित अतिथि तथा सहभागीलाई सदस्य अमृत गुरुङले शाब्दिक शब्दद्वारा शुभकामना दिएकाम थिए।

प्रदेश नम्बर १ मा रहेका सहकारीमध्ये ३६ वटा सहकारी सस्थाले प्रदेश नं. १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेडको सदस्या दिएका छन्। सदस्यता दिएका सहकारीलाई प्रमुख प्रदेश नं. १ का कृषिमन्त्री झलकसिंह दर्लामीबाट प्रमाण-पत्र समेत प्रदान गरिएको थियो।

# ब्राउन सुगरसहित एक जना पक्राउ

**झापा, असार २७।** मेचीनगर नगरपालिका-६ स्थितबाट प्रतिबन्धित लागूऔषध ब्राउन सुगरसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउपर्नेमा भारत दार्जिलिङका २७ बर्षीय अनुप प्रधान रहेका छन्। काँकरभिट्टाको मेचीपुलमा लागूऔषध नियन्त्रण ब्यूरो र इलाका प्रहरी कार्यालय काँकरभिट्टाको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपाल आउँदै गरेका प्रधानको साथबाट छ ग्राम ब्राउन सुगर बरामद गरेको हो।

प्रतिबन्धित ब्राउन सुगरसहित पक्राउ परेका प्रधानलाई इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट थप अनुसन्धान भइरहेको छ।

**आवश्यकता**
महिला तथा पुरुष सेक्युरिटी गार्ड
संख्या : १५ जना
सम्पर्क :
इन्टर सर्भ सेक्युरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय बिर्तामोड
फोन नं. : ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३



**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

**छापाखाना**
क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्झनुहोस्।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई**, बिर्तामोड-५, झापा
– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस
**हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई**
सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240



झट्ट फोन झट्ट सेवा

## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ६ की चन्द्रमाया घिमिरे कि.नं. ७९८८ को ज.वि. ०-०-१० क्षेत्रफल जग्गामा निर्माण भएको आरसीसीको स्थलगत सर्जमिन गर्न जाँदा तपाई निम्नानुसारका संधियार अनुपस्थित भएकोले निवेदकको घरले संधियार, सार्वजनिक सम्पत्ति हानी-नोक्सानी हुन्छ/हुँदैन, हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ। अन्यथा नियमानुसार काम, कारवाही हुने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ।

निम्न

| दिशा | संधियारको नाम, थर | सर्जमिन मिति | नक्सा दर्ता मिति | कैफियत |
|---|---|---|---|---|
| पूर्व<br>पश्चिम<br>उत्तर<br>दक्षिण | श्री गणेश मिश्र<br>श्री रुपादेवी शिवाकोटी<br>बाटो<br>श्री लक्षिमा पौडेल | २०७९।०३।२३ | २०७९।०२।२७ | |

## पूर्वीय दर्शन प्रतिष्ठान नेपाल
केन्द्रिय कार्यालय बिर्तामोड, झापा, नेपाल
फोन नं. : ९८५२६७२७०७, ९८४२६२४८१७

### हार्दिक अपिल

*'संस्काराद्द्विज उच्यते'*
*गुरुर्ब्रह्मा गुरुर्विष्णु : गुरुर्देवो महेश्वर:*
*गुरु: साक्षात् परं ब्रह्म : तस्मै श्री गुरुवे नम: ॥*

'गुरु ज्ञानले नै समाजलाई परिष्कृत र नयाँ पिँडीलाई सुसंस्कृत बनाउँछ' यही आदर्शलाई साकार गराउने गुरुपूजा तथा व्यासजयन्तीका अवसरमा हामी सम्पूर्ण बालबालिकाको शिक्षादीक्षामा संलग्न संघ-संस्थाहरुलाई यस पावन तथा ऐतिहासिक अवसरको सदुपयोग गरी गुरुपूजा कार्यक्रमको आयोजना गर्न हार्दिक अपिल गर्दछौं।

अन्त्यमा, संस्थागत, सामुदायिक तथा गुरुकुलीय परम्पराभित्रका सम्पूर्ण विद्यालयहरुलाई यो अवसरको सदुपयोग गरी बालबालिकालाई सुसंस्कृत, सबल र असल बनाउन सम्बन्धित सबै पक्ष संलग्न हुन सकून् भन्ने हाम्रो अवधारणा हो। अत: शिशुदेखि विश्वविद्यालयसम्मको नेपाली शैक्षिक मार्गदर्शनका आधारमा यो पर्व मनाउन सके मात्र जीवनोपयोगी शिक्षा र आचरण निर्माणको जग बसाउन सम्भव हुने हुँदा सम्बन्धित सबैमा व्यासजयन्तीको हार्दिक शुभकामनासहित समस्त गुरुजनप्रति सभक्ति नमन वन्दन गर्दछौं।

**रामकृष्ण ढकाल : सचिव** तथा **चन्द्रप्रसाद खनाल : अध्यक्ष**
**पूर्वीय दर्शन प्रतिष्ठान परिवार**, केन्द्रीय कार्यालय बिर्तामोड, झापा



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दूरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समय अत्यन्तै वलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।